# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः १) छत्रकोट गाउँपालिका, मितिः २०७४/११/११ (संख्याः १३

## भाग–२

### छत्रकोट गाउँपालिका, गुल्मी

### २०७४ सालको कार्यविधि नं. १३

### कार्यविधिको नाम : छत्रकोट गाँउपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः२०७४।११।०३

**प्रस्तावनाः**

छत्रकोट गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन गर्न कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले छत्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद–१

## संक्षिप्त नाम र प्रारम्भ

**(१) संक्षिप्त नाम :-** यस कार्यविधिको नाम "छत्रकोट गाँउपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७४" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

## परिच्छेद–२

## परिभाषा तथा उद्देश्य

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "विपद् व्यवस्थापन कोष" भन्नाले छत्रकोट गाँउपालिकाद्धारा स्थापित विपद् व्यवस्थापन कोष सम्भ्कनु पर्नेछ।

(ख) "कार्यविधि" भन्नाले "छत्रकोट गाँउपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७४" लाई संभ्कनु पर्नेछ।

(ग) "संचालक समिति" भन्नाले कार्यविधि बमोजिम गठित संचालक समितिलाई बुभ्कानेछ।

(घ) गाउँपालिका भन्नाले छत्रकोट गाँउपालिका गुल्मीलाई जनाउछ।

(ङ) "विपद"् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, भौतिक संरचना, पशु, चौपाया आदिको क्षतिको साथै मानवीय जीवन यापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत वा क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण अवस्थालाई सम्भ्कनु पर्छ।

(च) "प्राकृतिक विपद्" भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, पहिरो, चट्याङ, आगलागि तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन, विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) "विपद् व्यवस्थापन भन्नाले" विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम ,विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

**उद्देश्य :-**

(क) विपद्मा परेका पीडितलाई उद्धार, राहत र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोग तथा जनसहभागिता जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्काले राहत उपलव्ध गराउनु ।

(ङ) भौतिक संरचनाको निर्माण गर्दा अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि प्रकोप पूर्वको तयारीका लागि सूचना उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद् जोखिम न्यूनिकरणका लागि रोकथाम मूलक र उपचार मूलक कार्यक्रम बनाउनु ।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीचमा यथासमयमा नै समन्वय कायम गर्नु ।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु तथा बिपद् ब्यवस्थापनका लागि आवश्यक संयन्त्र बनाइ परिचालन गर्नु ।

## परिच्छेद–३

## संचालक समिति गठन

१. "विपद्  व्यवस्थापन कोष" को सञ्चालन तथा व्यवस्थापन गर्न, आवश्यक नीति निर्माण तथा कार्यान्वयनका लागि देहाय वमोजिमका सदस्यहरु रहने गरी एक सञ्चालक समिति गठन गरिने छ ।

(१) गाँउपालिका अध्यक्ष – संयोजक

(२) गाँउपालिका उपाध्यक्ष – सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(४) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(५) प्रहरि कार्यालयको प्रतिनिधि – सदस्य

(६) इन्जिनियर/प्राविधिक शाखा प्रमुख – सदस्य

(७) रेडक्रस सोसाइटी प्रतिनिधि – सदस्य

(८) गाउपालिकाको स्वास्थ्य प्रतिनिधि – सदस्य

(९) योजना शाखा प्रमुख – सदस्य सचिव

२. उल्लेखित समितिमा निश्चित वडा सँग सम्बन्धित विषयवस्तुमा छलफल गर्दा सम्बन्धित वडाध्यक्ष सदस्यको रुपमा रहने छ ।

३. विपद् व्यवस्थापन कोष संचालक समितिको बैठकमा आवश्यकतानुसार अन्य विषय विज्ञ वा सरोकारवालालाई समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

४. संचालक समितिले आवश्यकता अनुसार वडा/ब्लक स्तरमा विपद व्यवस्थापन कार्यदल गठन गर्न सक्नेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार

- विपद् व्यवस्थापन कोषका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना, कार्यक्रम तर्जुमा गरी /गराई लागु गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यकम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।
- राहत वितरणको लागि सिफारिस गर्ने ।

## परिच्छेद–४

## समितिको बैठक

(१) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(२) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन अन्य समितिका सदस्यले पाए सरह सुविधा पाउने छन् ।

## परिच्छेद–५

## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) छत्रकोट गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सहयोग ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग

(घ) अन्य स्रोत

**(२) कोषको खाता सञ्चालन** : विपद् व्यवस्थापन कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**(३) अन्य कार्यमा खर्च गर्न नपाइने** : विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापन सँग सम्बन्धित कार्यको लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**(४) लेखा परीक्षण:** यस कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद–६

## उद्धार तयारी व्यवस्थापन

(क) विपद्को जोखिममा रहेको क्षेत्रको नक्साङ्कन गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत

अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको व्यवस्थापन गर्ने ।

(ग) सामाजिक सँस्था, गैर सरकारी संघ संस्था, नागरिक समाज, क्लवहरु एवं पत्रकार लगायतका सहयोगीहरुको समन्वयमा विपद् व्यवस्थापन अभियान संचालन तथा जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद–७

## आपतकालिन उद्धार तथा राहत वितरण

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक अधिकतम **रु. पच्चीस हजारका** दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउन सकिने छ ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि अधिकतम **रु.पन्ध्र हजार,** आंशिक घर क्षति भई तत्काल मर्मतको लागि अधिकतम **रु.पाँच हजार** प्रति परिवार राहत सहयोग उपलव्ध गराउन सकिने छ ।

(ग) विपद्को घटनामा परी घाइतेहुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति अधिकतम रु तीन हजार सम्म यातायात खर्च दिन सकिने छ ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम अध्यक्षको लिखित स्विकृतिमा, लिखित स्विकृती तत्काल सम्भव नभएमा मौखिक सहमतिमा वडा अध्यक्षवाट पिडितलाई राहत उपलब्ध गराउन सकिनेछ । तर कार्यविधिको अधिनमा रहि अध्क्षयवाट तत्काल राहत रकम उपलब्ध गराउदा अरु कसैको स्विकृती आवश्यक पर्ने छैन । यसरि उपलब्ध गराएको रकमको सोधभर्ना लागि आवश्यक कागजातसहित समितिमा पेश गर्नुपर्नेछ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजिमिन मुचुल्का, वडा कार्यालयको सिफारिस तथा  अन्य आवश्यक कागजात सहित समितिमा निवेदन पेश गर्नु पर्नेछ । अस्पतालमा मृत्यु भएको तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन समेत आवश्यक पर्नेछ ।

## परिच्छेद–८

## अनुगमन तथा प्रतिवेदन सम्वन्धमा

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद–९

## संशोधन तथा परिमार्जन सम्वन्धमा

(१) गाँउपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट कार्यविधि संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद–१०

## खारेजी तथा बचाउ

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुन संग वाभिएको हकमा वाभिएको हदसम्म खारेजी हुनेछ ।

प्रमाणिकरण मितिः २०७४।११।११

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत